# आमा समूहसँग उपमेयर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९

<u>कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०५/२१</u>

**<u>पृष्ठभूमिः</u>**

आमा समूह महिलाहरुको एक सामाजिक संगठन हो । यस्ता संगठनले महिला हिंसा विरुद्ध आवाज उठाउने तथा विभिन्न सामाजिक विकृतिहरु रोक्नुका साथै समाज सुधारको कार्यहरु समेत गर्दछन् । हिंसा पीडित, प्रभावित एवम् आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक लगायतका क्षेत्रहरुमा सकारात्मक तथा रचनात्मक परिवर्तनका लागि यस्ता समूहहरुको सशक्तीकरण तथा संस्थागत सुदृढिकरणका लागि यो निर्देशिका तयार गरिएको हो ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो निर्देशिकाको नाम "आमा समूहसँग उपमेयर कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

**२. <u>परिभाषा :</u>** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस निर्देशिकामा,

क. "नगरपालिका" भन्नाले बेनी नगरपालिकाको कार्यालय बेनी म्याग्दी सम्झनु पर्छ ।

ख. "प्रमुख" भन्नाले बेनी नगरपालिकाको नगरप्रमुखलाई सम्झनुपर्दछ ।

ग. "उपप्रमुख" भन्नाले बेनी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्दछ ।

घ. "वडा" भन्नाले बेनी नगरपालिका भित्रका वडा सम्झनुपर्दछ ।

ङ. "आमा समूह" भन्नाले बेनी नगरपालिकाभित्र सञ्चालित प्रचलित कानुन बमोजिम टोल वा समुदायमा सामाजिक कार्यहरु गर्ने उद्देश्यले महिला मात्र सदस्य रहने गरी स्थापना गरिएको सामाजिक संस्था सम्झनु पर्छ।

च. "कार्यक्रम" भन्नाले बेनी नगरपालिकाबाट सञ्चालन हुने गरी छनौट गरिएको उपमेयरसँग महिला कार्यक्रम सम्झनुपर्दछ ।

छ. "शाखा" भन्नाले बेनी नगरपालिकाको महिला तथा बालबालिका शाखा सम्झनुपर्दछ ।

**३. <u>उद्देश्यः</u>** आमा समूहसँग उपमेयर कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ

क. आमा समूहहरुको सशक्तीकरणका लागि सीपमूलक कार्यक्रम सञ्चालन गर्नु ।

ख. उद्यमशीलताको माध्यमबाट महिलाहरुको आर्थिक, सामाजिक रुपमान्तरण गरी स्वरोजगार सिर्जना गर्ने ।

ग. महिलाहरुको समग्र विकास मार्फत उनीहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

**४. <u>कार्यक्रम संचालनः</u>** (१) नगरपालिकाले कार्यक्रमलाई कार्यान्वयन गर्ने सन्दर्भमा आमा समूहहरुको लागि देहाय बमोजिमका कागजातहरु सहित अनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नको लागि १५ दिनको सूचना प्रकाशन गर्नेछ ।

(क) सम्बन्धित वडाको सिफारिस पत्र

(ख) संस्था दर्ता र नविकरणको प्रमाणपत्र (स्थानीय प्रशासन वा स्थानीय तहमा दर्ता भएको)

(ग) संस्थागत कार्ययोजना

(घ) विगत ३ वर्षमा गरेका कार्यहरुको प्रगति विवरण

(ङ) पछिल्लो वैठकको निर्णय

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा क्रमश: सबै वडा समेट्ने गरी नगरपालिकाले शुरुवातमा केही वडा मात्र मध्येबाट प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(३) नगरपालिकाका विषयगत शाखाका कार्यक्रमसँग तालमेल हुन सक्ने गरी यस कार्यक्रमलाई आबद्धता गरिनेछ

**५. <u>छनौट तथा सम्झौता प्रकृया:</u>** (१) दफा ४ को १ बमोजिम सूचना प्रकाशन भएपछि नगरपालिकामा प्राप्त हुन आउने कागजातहरुको विश्लेषण गरी छनौट गर्नुपूर्व नगरपालिकाले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ ।

(२) प्राप्त कागजातहरु एवम् स्थलगत अनुगमन समेतका आधारमा नगरपालिकाले उद्यमशिलता प्रवर्द्धन गर्ने सक्रिय आमा समूहहरुको छनौट गर्नेछ ।

(३) आमा समुहहरुको छनौट गर्दा नगरपालिकाले अनुसूची २ मा उल्लेखित आधारहरुलाई अबलम्बन गर्नेछ।

तर केही मात्र प्रस्ताव परी दफा ६ बमोजिमको छनौट तथा अनुगमन समितिले सबै प्रस्तावकलाई दामासाहीले रकम वितरण गर्ने निर्णय गरेमा यो उपदफा बमोजिमको मूल्याङ्कनका आधारहरु बमोजिम मूल्याङ्कन गरिरहनुपर्ने छैन ।

(४) उपदफा ३ बमोजिम छनौटमा परेका आमा समूहहरुलाई नगरपालिकाले सम्झौताको लागि जानकारी गराउनेछ । तालिम कार्यक्रमको उपयोगिता, समाजमा पार्ने प्रभाव, महिलाहरुको जीविकोपार्जनमा पुर्याउन सक्ने योगदान, आयमा वृद्धि गराउन सक्ने सम्भावना समेतका आधारमा प्रति आमा समूह ५० हजार देखि ५ लाख रुपैयासम्म उपलब्ध गराईनेछ ।

**६. <u>छनौट तथा अनुगमन समिति :</u>** (१) यस निर्देशिका अनुसार प्रस्ताव पेश गर्ने आमा समूहहरुको संख्या तय गर्न, पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौट गर्न, सीपमूलक तालिमको आवश्यकता एवं क्षेत्र पहिचान गर्न र सञ्चालित कार्यक्रमको अनुगमन गरी सोको उपयोगिता एवं उपादेयता मूल्याङ्कन गर्ने प्रयोजनका लागि देहाय देहाय बमोजिमको एक छनौट तथा अनुगमन समिति रहनेछ:

| | |
|---|---|
| क. नगर उपप्रमुख | संयोजक |
| ख. संयोजकले तोकेको नगर कार्यपालिकाको १ जना महिला सदस्य | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना कर्मचारी | सदस्य |
| घ. कार्यक्रम लागु भएको वडाको वडाध्यक्ष | सदस्य |
| ङ. महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार नगर प्रमुख वा अन्य सदस्यहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिले नगरसभाबाट विनियोजित रकमको परिधिभित्र रही आमा समूहको संख्या छनौट गर्न तथा छनौट भएका आमा समूहहरुलाई प्रदान गर्ने रकमको विषयमा समेत निर्णय गर्न सक्नेछ ।

**७. <u>भुक्तानी र अनुगमन प्रकृया:</u>** (१) नगरपालिकाबाट छनौटमा परेका आमा समूहले आफुले पेश गरेको प्रस्ताव बमोजिमको कार्यक्रम सञ्चालन गर्ने मिति र समय समेत उल्लेख गरी नगरपालिकालाई जानकारी गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि नगरपालिकाले आवश्यकता अनुसार कार्यक्रमको शुरुवातमा, कार्यक्रम सञ्चालन भईरहेको अवस्थामा र अन्तिम चरणमा अनुगमन समेत गर्नेछ । अनुगमनको क्रममा समितिले सम्बन्धित आमा समूहलाई निर्देशन एवं सुझाव दिन सक्नेछ ।

(३) कार्यक्रम सम्पन्न भएपश्चात सोको बिल, भरपाई, कार्यक्रम अवधिका तस्वीरहरु लागायतका अन्य आवश्यक कागजात संलग्न राखी आमा समूहको बैठकको निर्णय गराई अन्तिम भुक्तानीका लागि शाखामा निवेदन पेश गर्नुपर्नेछ ।

(४) निवेदन प्राप्त भएपछि शाखाले सबै प्रकृया र कागजातको अध्ययन गरी आमा समूहको खातामा रकम जम्मा गर्न प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गरेपछि आमा समूहको खातामा रकम जम्मा गरिनेछ ।

८. **<u>बाधा अड्काउ फुकाउने अधिकार:</u>** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

९. **<u>संशोधन तथा हेरफेर:</u>** नगर कार्यपालिकाले आवश्यक देखेमा यस निर्देशिकामा संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**अनुसूची- १**

**आमा समूहहरुले नगरपालिकामा पेश गर्ने प्रस्तावको ढाँचा**

श्री बेनी नगरपालिकाको कार्यालय
बेनी, म्याग्दी ।

**१. आमा समूहको विवरणः**

(क) नामः.......................................................

(ख) अनुमति पाएको मितिः.......................

(ग) ठेगानाः बेनी नगरपालिका वडा नं.....................

(घ) अध्यक्षको नामः................................

(ङ) मोबाइल नं.............................

**२. प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण:**

(क) कार्यक्रमको नामः

(ख) लागत अनुमान अनुसारको रकम रु.

(ग) आमा समूहको तर्फबाट रु...

(घ) नगरपालिकामा माग गरेको रकम रु...

(ङ) अन्य स्रोतबाट रु....

(च) कार्यक्रम सम्पन्न हुन लाग्ने अवधि.

**३. प्रस्ताव तयार पार्दा समावेश हुनु पर्ने मूख्य विवरणहरुः**

(क) कार्यक्रमको पृष्ठभूमिः

(ख) कार्यक्रमको औचित्यः.

(ग) कार्यक्रमको उद्देश्यः

(घ) हाल आमा समूहमा रहेका सदस्यहरुको विवरण

- स्थापनाकालका सदस्य संख्या
- हाल कायम रहेका सदस्य संख्या

(ङ) आफ्नो भवन भएको वा भाडा वा अन्य तरीकाबाट संचालित विवरण

(च) आमा समूहले प्रदान गर्दै आएका सेवाहरुः

(ज) बिगत तीन वर्षमा गरिएका मुख्य मुख्य कार्यहरु

(झ) अघिल्लो आर्थिक वर्षमा बसेको बैठकको संख्या:

(ञ) पेश गरिएको प्रस्तावबाट अपेक्षा गरिएको आशातित उपलब्धि:

**<u>प्रस्ताव पेश गर्ने</u>**

नामः.....................................................

पदः........................................................

हस्ताक्षरः................................................

आमा समूहको नामः..............................................................

मोबाइल नं: ..........................................................................

मितिः.....................................................................................

## अनुसूची २
## प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं | सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | आमा समूहमा रहेका सदस्य संख्या<br>• १५ जनासम्म भए<br>• १६ देखि २० जनासम्म भए<br>• २१ वा सो भन्दा बढी भए | २०<br>१५<br>१८<br>२० | | |
| २ | जग्गा/भवन आदि पूर्वाधारको उपलब्धता<br>• आफ्नै भवनमा सञ्चालित रहेको भए<br>• भाडा वा अन्य प्रयोजनबाट सञ्चालित भए | २०<br>१५<br>२० | | |
| ३ | संस्थाको कार्यानुभव<br>• ३ वर्षभन्दा कम भए<br>• ३ देखि ५ वर्षसम्म भए<br>• ५ वर्षभन्दा बढी भए | २०<br>१२<br>१५<br>२० | | |
| ४ | कार्ययोजनामा उल्लेखित विषयहरु तथा सामाजिक क्षेत्रमा गरेका कार्यहरुको समग्र मूल्याङ्कन | २० | | |
| ५ | स्थानीय तहबाट प्राप्त गरेको सहयोग<br>• सहयोग प्राप्त नगरेको<br>• सहयोग प्राप्त गरेको | २०<br>१५<br>२० | | |

## अनुसूची ३
## प्रस्ताव पेश गर्न सकिने तालिमका क्षेत्रहरु

**विभिन्न आयमूलक र सीपमूलक कार्यक्रम:**

- मौरीका घार तथ मह उत्पादन
- सिलाई, बुनाई, कटाई तालिम
- साबुन बनाउने तालिम
- अगरबत्ती बनाउने तालिम
- अचार बनाउने तालिम
- खुवा बनाउने
- बासको सजावटका सामान बनाउने
- मुढा बनाउने तालिम
- कुशन बनाउने तालिम
- ढाका बुनाई तालिम
- क्यान्डी अथवा मिठाई बनाउने तालिम
- जुत्ता चप्पल बनाउने तालिम
- स्थानीय उत्पादन प्रवर्द्धन गर्ने कार्यक्रम
- व्यवसायिक तरकारी उत्पादन
- अन्य उत्पादनमूलक कार्यक्रम

**आज्ञाले**

**धोलकराज ढकाल**

**प्रमुख प्रशासकीय अधिकृत**